# बित्थडचीर गाउँपालिका वार्षिक सार्बजनिक सुनुवाई कार्यक्रम

## आ.व. २०७८/७९ प्रतिवेदन

**पेश गर्ने :** सहजकर्ता

जगदीश रोकाया

शैलेन्द्र रोकाया

विरेन्द्र खड्का

**प्रतिवेदन पेश गरिएको निकाय**

बित्थडचीर गाउँपालिका

देउलेख, बझाङ

CamScanner

## १. पृष्ठभुमी

स्थानिय सरकार संचालन ऐन ले निर्दिष्ट गरे अनुसार हरेक स्थानिय तहले वर्षभरी गरेका गतिविधि को सार्वजनिककरण गर्नु पर्ने प्रावधान छ । खुला सरकारको अवधारण लिएको अहिलेको लोकतन्त्रले सार्वजनिक निकायमा हुने हरेक गतिविधिको नागरिकहरु लाई जानकारी दिनु पर्ने मान्यता राखेको छ । संवैधानिक व्यवस्थाले पनि सरकार र सार्वजनीक निकायलाई जनउत्तरदायिक हुने र सुचनाको हकको प्रत्याभुत गर्ने सोच गरेको छ । यो सवै अवस्थालाइ मध्यनजर गर्दा हरेक सार्वजनिक निकायहरुले सेवाग्रहिहरु लीक्षत वर्ग जनताहरु लाइ आ आफ्नो निकायमा भए गरेका आर्थिक भौतीक सामाजिक प्रगतीको अवस्था जानकारी गर्दा शुसासन पारर्दशिता र जवाफदेहितामा सहयोग पुर्‌याउन्छ । सार्वजनिक सुनुवाइ सामाजिक परिक्षण शासन व्यवस्था शुसासन गर्ने प्रमुख औजार हुन । यसले लोकतन्त्रलाइ जिवन्त राख्दछ र नागरिकहरुको सरकार प्रतिको जनविस्वास बद्धदै जान्छ । यो सवै अवस्थालाइ मनन गरि स्थानिय सरकारलाइ जनमुखी र प्रभावकारी बनाउन वित्थडचिर गाउँपालिकाले पनि गाँउपालीका वाट भएगरेका गतिविधिहरु सवैको जानकारी नागरिक र सरकोकारवालाहरु लाइ दिदै आएको छ । जनप्रतिनिधि सहित स्थानिय सरकार संचालनमा आएपछि पालीका वाट भएगरेका गतिविधि आर्थिक भौतीक अवस्था साथै अन्य सव ैसेवाको जानकारीका लागी सार्वजनिक सुनुवाइ गर्दै वित्थडचिर गाँउपालीकाले समुदाय वाट पालीकाको कमीकमजोरी औल्यान गुनासो राख्न लगाउन र सुझाव सल्लाह लिने दिने काम गर्दै आएको छ ।

यो विधिको शासन कायम गर्ने एउटा लोक्तान्त्रिक औजार पनि भएकाले यसोगर्दा योजना तथा कार्यक्रममा भएको कमि कमजोरी सेवा सुविधा पद स्रोत साधानको दुरुपयोगको खुलासा हुन्छ । कमजोरी पक्ष उजागर भएर सेवाप्रवाह कार्यक्रम सहज सरल समावेसी दिगो हुन मद्दत गर्छ । पहिलो चौमासिक दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ गर्दै आएको वित्थडचिर गाउँपालिकाले वर्षभरीको गतिविधि समेटेर आर्थिक वर्ष २०७८।७९ को सार्वजनिक सुनुवाइ कार्यक्रम २०७९ साल असार ३१ गतेका दिन गरेको थियो । सार्वजनिक सुनुवाइमा सहजिकरण गर्नका लागी तेस्रो पक्ष सहकार्य मिडिया हाउस तथा नेपाल पत्रकार महासंघ का प्रतिनिधिहरु लाइ जिम्मा दिएको थियो । त्यसका आधत्रारमा यो प्रतिवेदन तयार गरिएको हो ।

सहकार्य मिडिया हाउस



CamScanner

## २) सार्बजनिक सुनुवाईको उद्देश्य

गाउँपालिकामा सार्वजनिक सुनवाईको मुख्य उद्देश्य गाउँपालिकालाई आमा नागरिक बिशेश गरी महिला गरिब जोखिममा रहेका पिछडिएका एवं बन्चितमा परेका समुदाय तथा दुर्गम क्षेत्र प्रति उत्तरदायी भई उनीहरुको चासो प्रति सम्बेदनशिल र जबाफदेही बनाउनु रहेको छ ।यो प्रक्रियाका निश्चित उद्देश्यहरु निम्नाअनुसार रहेकाछन् ।

- गाउँपालिकाले संचालन गर्ने बिकास योजनाहरुवाट समाजले लिनसक्ने अधिकाधिक लाभ को सुनिश्चितताको लागि सम्पादितकार्यहरु सरोकारवालावाट लेखाजोखाहुने पद्दतिको स्थापनागर्ने,
- सार्वजनिक परीक्षण(PublicAudit) प्रणालीअवलम्वनगर्न ।
- केदारस्यू गाँउपालिक द्धारा संचालित क्रियाकलापहरुको सार्बजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,
- गाँउपालिकाबाट संचालित योजनाहरुको प्रभावकारीता , गुणस्तरतको बारेमा जानकारी गराउन
- स्थानीयतहबाट संचालित बिकास कार्यक्रम उपलब्ध सेवा ,बस्तु र सुबिधाको सार्बजनिक गर्नु ।
- नागरिक बाटप्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गरी जिम्मेबारीको संस्कार बसाउन ।
- नागरिकहरुलाई सुशानको प्रत्याभुति गराउन ।
- स्थानीयतहका कर्मचारी निर्बाचित प्रतिनिधिहरुलाई नागरिक प्रतिउत्तरदायी, जिम्मेबार तथा जबाफदेही बनाउन ।
- पारदर्शी शासनव्यवस्था, उत्तरदायी प्रशासन यन्त्र,सहभागितामूलक पद्धति र निर्वाध रुपमा सूचनासम्मको पहुँच प्रत्याभूति गर्न ।
- सेवाग्राही र सेवा प्रदायक निकाय बीच जनचासो दोहोरो संवाद सुरुवातगर्न ।
- सेवाग्राही र सेवा प्रदायक निकाय बीच जनचासो अभिवृद्धि गर्न ।
- सेवाप्रदानगर्ने संस्थाले समुदायप्रतिगर्नु पर्ने जवाफदेहिता पूरा गर्न तथा समुदायका सदस्यहरुलाई कार्यक्रम प्रतिजिम्मेवार बनाउन ।

- समुदायमा सूचनामाग गर्ने, छलफल गर्ने बानीको विकास गर्ने र सार्वजनिक निगरानी गर्ने भावनाको विकास गराउन ।

**३) सार्बजनिक सुनुवाई गरिएका बिषयबस्तुहरु**

- आ.ब. २०७८।०७९का संचालन भएका नीति तथा कार्यक्रमहरु, बजेट र प्रगति
- आ.ब.२०७८।०७९संचालन भएका तेस्रो चौमासिकमा भएका भौतिक पूर्वाधारका क्रियाकलापहरु
- आ.ब. २०७८।०७९मा प्रवाह भएका बस्तु सेवा तथा सुविधाहरु
- आ.ब. २०७८।०७९ मा सेवाग्राहीहरुका पिरमर्का, सुझाव ,पृष्ठपोषण तथा गुनासाहरु
- बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्र
- सामाजिक सुरक्षाकार्यक्रम बितरित भत्ताको नामनामेसी

**४) सार्बजनिक सुनुवाईक सम्बन्धी कानूनी प्रावधान**

स्थानीय निकाय सार्बजनिक सुनुवाई कार्यविधि २०६७ ले स्थानीय निकायले सञ्चालनगर्ने कार्यक्रम तथा परियोजनाको सरोकारवालाबाट लेखाजोखा गराउन आवश्यक विधि तथा प्रक्रिया व्यवस्था गरेको छ । शुसासन संचालन तथा ब्यबस्थापन ऐन २०६४ नियमावली २०६५ र स्थानीय स्वायत्तशासन ऐन २०५५ को आधारमा तयार यस कार्यविधिले स्थानीय निकायमा आन्तरिक तथा वाह्य स्रोतवाट सञ्चालनहुने सबै कार्यक्रम तथा आयोजना,निमाण व्यवसायी(ठेकेदार),उपभोक्ता समिति,गैरसरकारी संस्था,टोल विकास संस्थार सामुदायिक संस्थाहरुले समेत सार्बजनिक सुनुवाई गराउनु पर्ने कुरा उल्लेख गरिएको छ। **स्थानीय सरकार संचालन ऐन २०७४ , स्थानीय तहको बार्षिक योजनातथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ( परिमार्जित)** गाँउपालिकाले प्रत्येक चौमासिकमा सार्बजनिक सुनुवाई कार्यक्रम संचालन गर्नु पर्ने व्यवस्था गरेको छ । **वित्यडचीर गाउँपालिकाको सार्बजनिक सुनवाई सम्बन्धि कार्यविधि ,२०७७** अनुरुप सार्वजनिक सुनुवाई संचालन गरिएको छ ।

**कार्यक्रम संचालित प्रक्रिया**

क ) अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा भएको थियो ,



CamScanner

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेको ,

ग) आचार संहिताबारे जानकारी गराएको

घ) सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिएको

ङ) नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको ,

च) बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको थियो ,

ङ) सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन भएको

ज) स्थानीय तहका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पारेको

झ) स्पष्टता पछि थप जिज्ञासाको आह्वान गरेको

ञ) सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने प्रयास गरेको ,

ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन भएको

- कार्यक्रमको आचारसंहिता बारे जानकारी गराउने कार्यक्रमका सहजकर्ताले सहभागीहरुबाट तोकिएको बिषयमा लिखित एवं मौखिक प्रश्नहरु संकलन गर्ने कार्य
- प्रश्न वा जिज्ञासाहरुको स्पष्ट जवाफ दिन प्रमुख बक्ता तथा अन्य बक्ताहरुलाई दिनु भएको थियो ।
- स्पष्टतापछि थप जिज्ञासाहरुको आव्हान गरी थप जिज्ञासाको जवाफ सम्बन्धित गा.पा. का अध्यक्ष तथा अन्य कर्मचारीबाट दिदै भइ रहेका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको छ ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका कुरालाई साराशंमा पुर्नताजकिय गरी अरु निकायले पनि सार्वजनिक सुनुवाइ गर्नु पर्ने आभ्यास गरी कार्यक्रमको समापनको लागि अध्यक्षलाई अनुरोध गरियो ।
- धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन भएको थियो ।

➢ सूचना संकलन र तयारी गरि सम्बन्धित सरोकारवालालाई जानकारी गराएको थियो ,

➢ सार्बजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुनुपर्ने व्यक्तिको सहभागिता सुनिश्चित गरीएको थियो



CS CamScanner

- सार्वजनिक सुनुवाई कार्यक्रमको प्रक्रिया निर्धारणभएको थियो ।
- श्रव्य-दृश्य सामग्रीतयार भएको थियो ।
- अन्तरक्रिया र छलफलभएको थियो ।
- सार्वजनिक सुनुवाइकार्यक्रमको निस्कर्ष निकालिएको थियो ।
- अभिलेखीकरण र प्रचार प्रसार गरिएको थियो ।
- गाँउपालिका कार्मचारीहरु संग अन्तरक्रिया
- अबलोकन
- विषयवस्तुमा केन्द्रित रहीछलफल गर्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणीनगर्ने र अरुलाई व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागिले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।
- व्यक्तिवा संस्थाको सार्वजनिकमर्यादा र शिष्टाचार कायम राख्ने ।
- सहभागिलाई विचार राख्नप्रोत्साहनगर्ने र विचारका लागि धन्यवाद दिने
- सहजकर्ताले बोल्ने समय दिएपछिमात्र सहभागिले आफ्ना कुरा राख्ने ।
- बोल्दा पालैपालो र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्ना कुरा छोटकरीमा स्पष्टसँग राख्ने र बीचमा अर्काको कुरा नकाट्ने

**सार्वजनिक सुनुवाई कार्यक्रममा पास भएका आचार संहिताहरु**

- सहभागीहरुले प्रश्न वा जिज्ञासा राख्नका लागि हात उठाउनु पर्नेछ ।
- सहभागीहरुले प्रश्नवा सुझाब के राख्ने पहिले नै स्पष्ट गर्नुपर्नेछ ।
- सहजकर्ताले प्रश्नवाजिज्ञासा राख्नकालागि संकेत गरे पछि मात्र नाम सहित प्रश्न राख्नु पर्नेछ ।
- सेवाग्राहीहरु वा सहभागीहरु धेरैलाई प्रश्न गर्ने समय दिनु पर्ने भएकाले बुदागत रुपमा छोटकरीमा प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ ।

- सहजकर्ताले प्रश्न वाजिज्ञासा राख्ने समय सकेको संकेत गरेपछि तत्काल प्रश्न सोध्ने कार्य रोक्नु पर्नेछ ।
- आफु भन्दापहिलेका प्रश्नकर्ताले राखेका प्रश्न नदोहोऱ्याइ राख्नु पर्नेछ ।
- चित्त नबुभ्रेमा सहजकर्ता बाट थप समयको अनुमतिलिएर प्रश्न राख्नु पर्नेछ ।
- प्रश्नहरु राख्दा कसैलाई लाञ्छना बा पूवाग्रही र असलिल शब्दहरु प्रयोग गर्न पाइने छैन
- कसैबाठ सुनुवाईलाई बिथोल्ने प्रयास गरेमा सबै सहभागि मिलेर सालिन्तापूर्वक समाधान गर्न पहल गर्नु सबैको कर्तब्यहुनेछ ।
- सुनुवाईलाई बिषयान्तर हुनबाट रोक्न सबै सहभागिहरु सचेत हुनु पर्ने छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालन**

मिति: २०७९ असार ३१ गते दिउसो

स्थान : प्राथमिक स्वास्थय केन्द्र सभाहल ,देउलेख ।

अध्यक्षता ग्रहण: अमर वहादुर महर गाँउा अध्यक्ष

प्रमुखअतिथि : नर बहादुर खड्का जिल्ला समन्वय समिति संयोजक ,

.सहजकर्ता : जगदीश रोकाया , शैलेन्द्र रोकाया र विरेन्द्र खड्का ।

कार्यक्रम संचालन गरिएको अवधि : ११ बजे देखी १.३० बजे सम्म

**५. सार्बजनिक सुनवाईमा प्रयोग भएका बिधि तथा प्रक्रिया**

**बिधि**

- प्रश्नावली
- अवलोकन
- सामुहिक सहभागितामुलक छलफल
- अन्तरर्वाता
- FGD
- आम भेला कार्यक्रम दोहोरो पश्न उत्तर
- वर्हिगमन अभिमत पत्र र नागरिक प्रतिवेदन पत्र

**प्रक्रिया**

- सार्बजनिक सुनुवाईको तयारी

- सार्बजनिक सुनुवाईको बारेमा सेवाप्रदायकलाई जानकारी तथा पत्राचार
- सुचना संकलन
- गाउँपालिकाको अबलोकन
- सेवाग्राही संग छलफल भेटघाट
- सेवाप्रदायक निकाय संग अर्न्तवार्ता
- टोल समुदाय तहमा सुचना संकलन
- बिषय केन्द्रितछलफल
- गाउँपालिकाको प्रबाह गर्ने सेवाको बारेमा सेवाप्रदाय निकाय बाट प्रस्तुतिकरण
- संयोजक मार्फत बर्हिगमन अभिमत पत्र तथा नागरिक प्रतिबेदन पत्रको नतिजा प्रस्तुत
- आमभेला तथा बृहत छलफल कार्यक्रम संचालन तथा छलफल
- कार्यक्रम समापन

**६.सार्बजनिक सुनुवाइमा प्रस्तुती गरेको आय व्यय विवरण**

१ समानिकरण तर्फको बजेट

२ सशर्त विशेष अनुदानको रकम

३ समपुरक अनुदान

४ राजश्व बाँडफाँड

**७.उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफदिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | नरेश विष्ट बित्थडचीर ७ | गाउँपालिकाको सवारी साधनमा आगलागि भए पछिको अबस्था के छ ? | प्रेम ब. बोहरा पूर्व गा.पा. अध्यक्ष | पालिकाले विमा वाफत पाएको २४ लाख बाढि पिडितहरुलाई आर्थिक सहयोगमा खर्च भएको हो । |
| | चक्र अधिकारी बित्थडचीर ७ | १५ शैयाको अस्पतालको भवनको काम किन रोकियो र वडा कार्यालयको काम सम्पन्न नभएर कसरी भुक्तानी भएको हो ? | प्रेम ब. बोहरा पूर्व गा.पा. अध्यक्ष र अमर महर गा.पा. अध्यक्ष | प्राबिधिको मूल्यांकनको आधारमा कसारी भुक्तानी भयो ठेकेदारको खाता रोक्का भएको थियो हामीले पत्राचार पनि गरेको थियौं । अस्पतालको हकमा इन्जीनियर र तत्कालीन प्रमुख प्रशासकिय केके गरे उनीहरुको अधिकार हो प्राबिधिक कुरा हामीलाई थाहा हुने भएन । अस्पतालको बारेमा छानविन भईरहेको छ निकट भबिश्यमा यसालाई अगाढी बढाउने पहल गर्नेछु । |
| ३ | धन ब. बिक बित्यडचीर ४ | खानेपानी को समस्याको लागी पहल किन गर्नु भएन? धामी गाउँ भूमिराज मन्दिर ब्यवस्थापन किन भएन ? | कलक व. बोहरा बित्थडचीर ४ | ४९ लाख वडामा रकम बिनियोजन भएको थियो । दलित टोलमा खानेपानी निर्माण को लागि ३ लाख बिनियोजन भएको थियो ५ वटा धारा निर्माण भएका छन् । खानेपानीको मुहान उपलब्ध |



सहकार्य मिडिया हाउस

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | कुनै पनि वडामा दलितहरुलाई कार्यालय सहयोगीको सम्म पनि किन नियूक्ति नगरेको श्र | | नगराएकोले ब्यबस्थापन हुन नसकेको हो । आगामी दिनमा खानेपानीको सस्मस्या समाधानको लागि पहल गर्नेछु । मन्दिरको हकमा वडानं ५ मा यो मन्दिर अबस्थित छ वडा नं ५ को अध्यक्ष संग समन्वय गर्नु होला । |
| ४ | लोकेन्द्र ब. बोहरा | गाउँपालिका का करारका कर्मचारीहरुलाई किन गाउँपालिकाले सम्झौता नविकरण गरेन ? | अमर महर गा.पा. अध्यक्ष | गाउँपालिकाले कार्य सम्पादन समिति गठन गरेको छ कतिपय कर्मचारी अनाबश्यक भएकाले योग्य र दक्ष कर्मचारीहरुलाई निरन्तरता दिनेछौं । |
| ५ | अम्मर विक वित्थडचीर ५ | वडा नं ५ को वडाकार्यालय भवन किन सम्पन्न भएन ?<br>दलित लक्षित कार्यक्रम र बजेट किन कम विनियोजन गर्नु भयो ? | अमर महर गा.पा. अध्यक्ष | वडा नं ५ को वडाकार्यालय भवन चालु आ.व.मा सम्पन्न हुनेछ । र चालु आ.व.मा महिला र दलित लाई लक्षित गरेर बजेट र योजना राखिएका छन् । |
| ६ | जय ब. बोहरा वडा नं ६ | अनुगमन कार्य गर्दा राजनीतिक दललाई पनि सहभागि किन नगराएको ? | अमर महर गा.पा. अध्यक्ष | पालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति छ र वडा स्तरमा पनि रहेको छ कार्यबिधि अनुरुप बिज्ञहरु |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | मार्फत पनि अनुगमन गराउने व्यवस्था भएकाले आबश्यकता अनुसार राजनीतिक दललाई पनि सहभागि गराउन सकिन्छ । |
| ६ | अम्मरा विक वडा नं ६ | दलित समुदायमा बस्ने घर र खानीपानी छैन् हामीहरुले कहिले सम्म यो समस्या भोग्ने ? | जुनदेवी ओखेडा कार्यपालिका सदस्य | दलितहरुका समस्याहरु छन् यस चालु आ.व.मा १० लाख सीप बिकास तालिम संचालन गर्न बजेट विनियोजन भएको छ । खानेपानीको समस्या हामी सवै दलित जनप्रतिनिधिहरुको चासो र सरोकारको बिषय भएको छ यसलाई २ वर्ष भित्र समाधान गर्ने छु । |
| ७ | नरेश बिष्ट वडा नं ७ | बिगतको सरकारले खेलकुदको क्षेत्रका गरेका उल्लेखनिय कार्यहरु कुन कुन हुन ? | योगेन्द्र वोहरा बडा नं ३ | खेलकुद लाई बिकास गर्नका लागि खेलकुद बिकास समिति पालिक स्तरमा गठन भएको हो । यस मार्फत गाउँपालिका महिला तथा पुरुष भलिवल सम्पन्न भएको हो अन्तर पालिका खेलकुदमा पनि यस पालिकाको टिम सहभागि भएका छन् । महिला टिमले त प्रथम स्थान हासिल गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | सफल भएको हो । पालिकोको अध्यक्ष कप र उपाध्यक्ष कपमा १५ लाख खर्च भएको हो । |

**सार्वजनिक सुनुवाई कार्यक्रमा सहभागी वाट आएका सुझावहरु**

- विधुतलाइन सवै वडमा विस्तार जोड दिनु पर्ने
- योजना डिजायन स्टमेट गरि बनाउनु पर्ने आफुखुशी योजना दिन नहुने ,
- राम्रो कर्मचारी जनप्रतिनिधि लाइ पुरस्कृत गर्नु पर्ने ।
- कृषिमा व्यावसायिकरण गरेर आयआर्जनमा बृद्धि गर्नु पर्ने ।
- गाउँसभाले छनौट गरेका योजना हेरफेर नगर्ने ।
- युवालाइ रोजगार केन्द्रित कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउनु पर्ने ।
- लक्षीत वर्ग तथा समुदायहरुलाई पालिकाको सेवा प्रवाह सम्बन्धि सूचना प्रवाह गर्नु पर्ने ।
- सेवा सुविधा निस्वार्थ रुपमा प्रवाह गर्नु पर्ने
- पालिकाले महिला तथा पुरुष खेलाडीहरुलाई प्रोत्साहन गर्ने योजनाहरु ल्याउनु पर्ने ।
- पालिका र वडाले प्रत्येक चोमासिकमा सार्वजनिक सुनुवाई लाई निरन्तरता दिनु पर्ने ।
- भौतिक पूर्वाधारका योजनाहको अनिवार्य सार्वजनिक परिक्षण गर्नु पर्ने ।
- संविधानको मर्म भावना देशले लिएको दिगो विकास लक्ष्य स्थानीयकरण गर्नु पर्ने ।
- स्थानीय तहको संस्थागत क्षमता स्व मूल्यांकन लाई केन्द्रित हुने गरी कार्यक्रम संचालन गर्नु पर्ने ।

**प्रतिवेदक**

**जगदीश रोकाया**

**मुख्य सहजकर्ता**

## सार्वजनिक सुनुवाई कार्यक्रमका केहि फोटोहरु








